२०७४ साल चैत्र २ गते शुक्रबार दिउँसोको ०२.०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ४, पोखरामा बसेको मन्त्रिपरिषद्को बैठकको उपस्थिति तथा निर्णय—

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रस्तुत प्रदेश योजना तथा नीति आयोग गठन सम्बन्धी गठन आदेश तयार गर्नको लागि सैद्धान्तिक स्वीकृति दिने निर्णय गरियो ।
२. आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्रस्तुत गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने निर्णय गरियो।
३. आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्रस्तुत सभामुख, उपसभामुख तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने निर्णय गरियो ।
४. आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्रस्तुत स्थानीय तह सञ्चालन, बैठकको कार्यविधी, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था तथा स्थानीय तहको कर्मचारी र कार्यालय सम्बन्धी विधेयकको मस्यौदा तयार गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरियो।
५. आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्रस्तुत प्रदेश मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक र अन्य सुविधा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने निर्णय गरियो।
६. आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्रस्तुत केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) सम्बन्धी विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने निर्णय गरियो।
७. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रस्तुत कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तयार गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरियो।
८. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रस्तुत प्रदेश नं. ४ को वित्तिय समानीकरण अनुदान सम्बन्धी विधेयक तयार गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।
९. मिति २०७४।११।०८ को मन्त्रिपरिषद्को निर्णयानुसार गठन भएको प्रदेश अधिकार सूची अन्तर्गतका विकास कार्यक्रम तथा योजना बैंक (Project Inventory) तयार गर्नका लागि गठित समितिको म्याद २०७४।१२।१० गतेसम्म थप गर्ने निर्णय गरियो।
१० मन्त्रिपरिषद्का सदस्यहरुको आचारसंहितालाई स्वीकृत गर्ने निर्णय गरियो।